नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ | स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० | अंक ५४ | २०७७ साल असोज ४ गते आइतबार (20 Sep. 2020 Sunday) | मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- नेपालको अन्तराष्ट्रिय सीमा अतिक्रमण गरेमा, सीमास्तम्भ हटाएमा वा ठाउँ परिवर्तन गरेमा पाँच वर्षसम्म कैद र पचार हजार रुपैयाँ सम्म जरिबाना हुने,
- नेपालको प्रतिनिधित्व गरी खेल खल्ने खेलाडीले खेलमा मिलेमतो (Match Fixing) गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने,
- नेपाल विरुद्ध जासूसी गर्नेलाई पच्चीस वर्षसम्म कैद हुने,
- राष्ट्रिय गान, झण्डा वा निसान छापको अपमान वा क्षति गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- राष्ट्रिय विभूतिको अपमान गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : कोरोना महामारी, नेकपा ... ३ पृष्ठमा : आन्तरिक उडानको ५० ... ३ पृष्ठमा : अर्को वर्षको अप्रिलसम्ममा अमेरिकामा ...

# संविधान संशोधन तथा सांसद चौधरीको रिहाईको मागसहित प्रदर्शन




**दैनिक समाचारदाता**
**राजविराज, ३ असोज ।**

जनता समाजवादी पार्टीले संविधान संशोधन तथा सांसद रेशम चौधरीको रिहाईको मागसहित शनिवार सप्तरीमा प्रदर्शन गरेको छ ।

असोज ३ गतेलाई सरकारले संविधान दिवसको रुपमा मनाइरहँदा जसपाले यस दिनलाई विगत पाँच वर्षदेखी बिरोध दिवसको रुपमा मनाउँदै आएको छ ।

जिल्लाको खडक नगरपालिकास्थित कल्याणपुर बजारमा जनता समाजवादी पार्टी तथा थरुहट थारुवान राष्ट्रिय मोर्चाले संयुक्त रुपमा आयोजना गरेको थियो ।

आयोजित विरोधसभामा जनता समाजवादी पार्टीका नेताहरुहरुले वर्तमान संविधान आदिवासी/जनजाती, मुस्लिम, थारु, मधेशी, सीमान्तकृत लगायतका वर्गका लागि विभेदपूर्ण रहेको बताउँदै त्यसमा संशोधन नभएसम्म आफुहरुले संविधान दिवसलाई कालो दिवस र कालो दिनका रुपमा मनाइरहने चेतावनी दिएका छन् ।

पार्टीका केन्द्रीय नेता एवम् राष्ट्रिय सभा सदस्य मृगेन्द्र कुमार सिंह यादवले अत्याधिक बहुमत ल्याएर विजयी भएका सांसद रेशमलाल चौधरीलाई जेल राखेर सरकारले जनमतको उपहास गरेको बताउँदै उनको रिहाईको समेत माग गरे ।

यस्तै थरुहट थारुवान राष्ट्रिय मोर्चाका केन्द्रीय सहसंयोजक श्रवण थारुले सांसद चौधरीको रिहाई र संविधान संशोधन नगरिए थप सशक्त आन्दोलन चर्काउने चेतावनी दिए ।

*बाँकी तीन पृष्ठमा*

# बाढीले भत्काएको तटबन्ध मर्मत नहुँदा स्थानियमा त्रास

**दैनिक समाचारदाता**
**राजविराज, ३ असोज ।**

झण्डै दुई महिना अघि बलान नदीमा आएको बाढीले भत्काएको तटबन्ध अझ मर्मत हुन नसक्दा सप्तरीको बलान बिहुल गाउँपालिकाका २ सय ५० परिवार त्रासमा बस्न बाध्य छन् ।

बाढीले भत्काएको तटबन्ध मर्मतमा ढिलाई हुँदा सो गाउँपालिका वडा १, २ र ४ का २ सय ५० परिवार त्रासमा बस्न बाध्य भएका हुन ।

सप्तरी र सिरहा जिल्लाको सीमाना मानिने बलान नदीमा गत साउन ८ गते आएको बाढीले करिब ८ सय मिटर पूर्व तटबन्ध भत्काएको थियो ।



*बाँकी तीन पृष्ठमा*

# सप्तरीमै जटिल शल्यक्रिया सफलतापूर्वक सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, ३ असोज ।**

सप्तरी सदरमुकाम राजविराजमा रहेका विभिन्न अस्पतालमा अहिले दक्ष चिकित्सक तथा आधुनिक उपकरणको माध्यमबाट जटिल भन्दा जटिल रोगको उपचार सम्भव हुँदै गएको छ ।

विगतमा जिल्लावासी राजविराजमा उपचार गराउन डराएर अन्यत्र बिराटनगर र धरान जाने मानसिकतालाई अहिले बिस्तारै त्याग्दै छन् । यहाँस्थित सरकारी र केही निजि अस्पतालले दक्ष चिकित्सक, जनशक्ति तथा आधुनिक उपकरणको माध्यमबाट जिल्लावासीलाई अन्यत्र उपचार गराउन जाने झन्झटबाट मुक्त गराउने प्रयासरत छन् ।

पछिल्लो पटक राजविराजस्थित छिन्नमस्ता एजुकेशनल मेडिकल कलेज एण्ड अस्पतालले एकपछि अर्को जटिल शल्यक्रिया सफलतापूर्वक सम्पन्न गरेको छ ।

सप्तरीको रुपनी गाउँपालिका ३ हर्दिया कटैया निवासी ५० वर्षिय कमलकुमार साहको स्पाइनल कर्डमा भएको ट्युमर (मेरुदण्डमा पलाएको मासु) को चार घण्टाको प्रयासपछि सफल शल्यक्रिया सम्पन्न गरेको अस्पताल प्रशासनले जनाएको छ ।

यस्तो शल्यक्रिया जिल्लामै पहिलो पटक गरिएको सो अस्पतालका चिकित्सकहरुको भनाई छ । वरिष्ठ सर्जन डा. राजिव मिश्रा, डा. ज्ञानेन्द्र कुमार

*बाँकी तीन पृष्ठमा*




## सम्पादकीय

### पुरानै जिवन शैलीमा हामी फर्कन सक्छौं !

कोरोना महामारीका कारण मुलुक लकडाउनको अवस्थाबाट पुनः पुरानै अवस्था फर्किन सकस गरिरहेको छ । झण्डै ६ महिनाको लकडाउनपछि अहिले जनजिवन बिस्तारै सामान्य अवस्थातर्फ उन्मुख हुँदै गएको छ । असोज १ गतेदेखी विद्यालय र हवाई उडान बाहेक सम्पूर्ण सेवाहरु खुलिसकेको छ । लामो समयदेखी बन्द रहेका यातायातका साधनहरु अहिले सरकारी मापदण्डको पालन गर्ने शर्तमा संचालनमा आएको छ । जसकारण यातायात मजदुरहरु लामो समयको पीडालाई बिर्सेर आफ्नो काममा फर्किन थालेका छन् ।

यस्तै व्यापार, उद्योग, कारखानालगायत पनि बिस्तारै गति लिन संघर्षरत छन् । तर, बालबालिकाहरु अहिले पनि विद्यालय जानबाट बञ्चित छन् । सरकारले विद्यालय खोल्ने बारे कुनै निर्णय गर्न सकेको छैन् । नयाँ शैक्षिक सत्रको झण्डै आधा वर्ष बित्न लाग्दा बालबालिकाहरु नयाँ पाठ्यक्रम हेर्न समेत पाएका छैनन् । यसरी कोरोना महामारीका बीच सरकारी निर्णयको पालना गरि सबैले आ-आफ्नो कार्य गर्न सके पक्कै पनि कोरोनालाई परास्त गर्न सकिन्छ ।

तसर्थ सामाजिक दुरी कायम गरि सरकारी निर्णयको गम्भिरतापूर्वक पालना गर्न सकिए हामी सबै कोरोनालाई परास्त गरि पुनः पुरानै शैलीको जिवनमा फर्किन सक्छौं जुन आजको आवश्यकता पनि हो ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# कोरोना महामारी, नेकपा विवाद र एमसीसी



कृष्ण कुमार गुप्ता

अहिले सम्पूर्ण बिस्व कोरोना माहामारीको चपेटमा परिसकेको छ । संसारका सबभन्दा शक्तिशाली देश अमेरिकामा सबभन्दा बढी व्यक्तिको मृत्यु भइसकेको छ । संसारका सबै देशहरुको अर्थतन्त्र धारासाही भइसकेको छ । नेपाल पनि यो कोरोना माहामारीबाट अछुतो छैन । नेपालमा पहिलो कोभिड-१९ का बिरामी चीनबाट आएको थियो । पछि इटलि र अरु देशहरुबाट पनि बिरामीहरु आएको थियो तर अहिले भारतबाट आएको नेपालीहरु आउँदा संक्रमण त्वात्तै बढ्यो मृतकको संख्या पनि दुई सयभन्दा बढी पुगिसकेको छ । संक्रमितको संख्या पनि चालिस हजारभन्दा बढी पुगिसकेको छ । प्रत्येक दिन लगभग हजार जना नयाँ संक्रमित थपिँदै छन् । अहिले हट पोइन्ट बनेका प्रदेश नम्बर २ र काठमाडौंको स्थिति झन् बिग्रदै छ । प्रदेश नम्बर २ को सरकार पूर्ण रुपले नाकामयाब भइसकेको छ, संघ सरकारले ओभरटेक गर्ने बेला आइसकेको छ ।

नेकपाले अहिले देशको नेतृत्व गरिरहेको छ, धेरै दिनपछि नेपालले स्थायी सरकार पाएको छ, लगभग २/३ का सरकारले देशलाई एउटा नयाँ दिशातिर डोऱ्याउँदै छ देशले स्वाधिनतालाई ध्यानमा राखी विश्व सामु एउटा महत्वपूर्ण देशको रूपमा चिनिदै छ । त्यसकारण विदेशी शक्तिहरु चलखेल गरेर नेकपामा विवाद उत्पन्न गराएको थियो तर नेकपाका दुबै अध्यक्ष दुरदर्शी भएको कारणले विवादलाई कार्यदल मार्फत समाधान गर्न भयो । अब नेकपाका दुबै अध्यक्षको समभ्रदारीले सरकार र पार्टीलाई अगाडि बढाउने छ र समृद्ध नेपाल र सुखि नेपाली बनाउने छ ।

भारत र नेपालको मित्रता धेरै पहिलेदेखि नै छ । विश्वमा नेपाल कुनै देशको गुलाम भएको छैन । जब भारत बेलायतका गुलाम थिए त्यसै बेला भारतबाट बेलायत र नेपालको बीचमा पनि युद्ध भएको थियो जसको अन्त सम्भौता को रूपमा सुगौली सन्धिबाट १८१६ मा भएको हो । सुगौली सन्धि अनुसार भारत र नेपालको सीमा निर्धारण भएको हो । लिपुलेख, लिम्पियाधुरा र कालापानी त्यसै बेलादेखि नेपालको भुभाग हो भन्ने प्रष्ट छ । त्यस सन्धिको अनुसार काली नदीदेखि पश्चिमको भाग भारतको हुने र पूर्वको भाग नेपालको हो भन्ने सर्वविदितै छ । नेपाल र भारतको बीचमा भएको शान्ति सन्धिको अनुसार आवश्यक्ता अनुसार नेपाल र भारतले एक अर्काको भूमि अरु देशसँग युद्ध गर्ने बेला उपयोग गर्न सक्छ । त्यसै अनुसार १९६२ मा भारत र चीनको युद्धको बेला नेपालका ८ ठाउँ मा आफ्नो सैनिक क्याम्प राखेर युद्ध लडेको थियो । युद्ध सक्ने बितिकै अरु ठाउँबाट भारतले आफ्नो सेना फर्काएका थिए । तर लिपुलेख, कालापानी क्षेत्रबाट फर्काएका थिएन । किनभने त्यो ठाउँबाट भारतले हारेको थिएनन् ।

नेपालमा विभिन्न आन्दोलनहरुपछि नेपालका सरकारहरुसँग विभिन्न सन्धिहरु जस्तै कोशी सन्धि, गण्डक सन्धि महाकाली सन्धिहरु गराएको पाइन्छ । भारत आफ्नो स्वार्थ अनुसार नेपालको सतामा आधै खेलिरहेको कुरा लुकेको छैन । नेपालमा विभिन्न आन्दोलनहरु गराएर आफ्नो दबदबा कायम राखेको छ । सता समीकरणकै लागि राजनीतिक दलहरुलाई संचालित गर्दै आएको छ । मन्त्री बनाउने प्रधानमन्त्री बनाउने खेलहरु दक्षिणबाट संचालन भाइरहेको सर्वबिदितै छ । त्यसकारण पहिलेका राष्ट्र प्रमुखहरु सीमा विवादबारे पनि मुख खोल्न पाइरहेको थिएन । २०७६ कार्तिकमा जब भारतले कश्मीरको लागि धारा ३७० हटाउँदा र त्यसपछि बनाएको नयाँ नक्सामा नेपाली भूभाग पनि समेटे छ । त्यस बेला नेपाल सरकारद्वारा कुटनीतिक नोट जारी भएको थियो । त्यसलाई अपहेलना गर्दै भारतले एकतर्फी बनाएको बाटोको उद्घाटन गर्दा यो विवाद सतहमा आएको हो । अहिलेको नेकपाको ओली सरकारले आफ्नो सरकार को परवाह नगरी आफ्नो मिचिएको भु-भाग फिर्ता गराउने कदम चालिएको छ । नेपालीहरुले गर्व गर्ने समय आएको मान्न सकिन्छ । आफ्नो मिचेको भू-भाग समेटेर जारी गरेको नक्साले गर्दा भारत तरंगित भएको छ ।

नेपाल पञ्चशीलको सिद्धान्त मान्ने देश हो कुनै पनि देशसंग हामी लडाइँ गर्दैनौं सबैसँग मित्रता राख्ने देश हो । हाम्रो अर्को छिमेकी चीनसँग पनि हाम्रो मित्रता प्रगाढ भइरहेको बेला अमेरिकी सहयोग कार्यक्रम एमसीसी पनि सदनबाट पास गराउनु पर्छ । जस हिसाबले करिब ६० अर्बको सहयोग भित्र्याउनु पर्छ । यसले गर्दा नेपाललाई बिकासको क्रममा आगाडि लानु पर्छ । जलविद्युतको अत्यधिक क्षमता भएको हुँदा त्यसलाई सदुपयोग गर्न एमसीसी अपरिहार्य छ । नेकपाको कार्यदलले परिमार्जनसहित एमसीसी पास गर्ने सुझाव अपरिहार्य छ । (लेखक नेकपा प्रदेश २ कमिटी सदस्य) *(मधेश दर्पण फिचर सेवा)*

# शाओमीको दुई वटा उत्पादन सार्वजनिक

दैनिक समाचारदाता
काठमाडौं, ३ असोज ।

शाओमी, ग्लोबल टेक्नोलोजी लिडरले नेपालमा दशैं उत्सवको अवसरमा दुईवटा नयाँ उत्पादन बजारमा सार्वजनिक गरेको छ ।

शाओमीले मी टिभी ४ एक्स (५५ इन्च) र मी एलईडी टिभी ४ए प्रो (४३ इन्च) बजारमा सार्वजनिक गरेको हो । यो सँगै शाओमीले पहिलो पटक नेपालमा टिभीको नयाँ श्रेणीमा प्रवेश गरेको छ ।

मी टिभी ४ एक्स (५५ इन्च) २०२० संस्करणमा ४ के १०-बिट एचडीआर डिस्प्ले सुविधा रहेको छ जसलाई शाओमीको इन-हाउस इमेज प्रोसेसिंग अल्गोरिदम, भिभिड पिक्चर इञ्जिनले पूरक गरेको छ । यसमा इमर्सिभ अडियो भिजुअल अनुभव सक्षम गर्दै २० वाट स्पिकर डल्बी अडियो र डीटीएस एचडी रहेको छ ।

त्यस्तै मी टिभी ४ एक्स ( ५५) २०२० संस्करण गुगलको नयाँ एन्ड्रोइड टिभी ९.० को साथ गुगल एसिसटेन्ट, युट्युब, क्रोमकास्ट, गुगल प्ले स्टोर र डाटा सेभर बिल्ट-इन रहेको छ ।

त्यस्तै मी एलईडी टिभी ४ए प्रो (४३) ४३ इन्चको १०८०पी पूर्ण एचडी रिजोलुसन रहेको छ जसले टिभी हेर्ने अनुभवलाई अझ उत्कृष्ट बनाउन थप शिष्टता ल्याउँछ । यसमा उत्कृष्ट संचालन अनुभवका लागि साधारण १२ बटनको ब्लुटुथ मी रिमोट सुविधा छ र डुअल २० वाट्को स्टेरियो सेटअप छ जसले डीटीएस-एचडी साउन्ड प्रदान गर्दै उपभोक्ताको घरमा ठुलो टिभीको सिनेमेटिक अनुभव प्रदान गर्दछ ।

दुबै उत्पादन सार्वजनिक गर्दै शाओमी नेपालको कन्ट्री जनरल म्यानेजर सौरभ कोठारीले भन्नुभयो, "हामी दुईवटा आकर्षक टिभीहरु सार्वजनिक गर्दै नेपालको हाम्रो उत्पादन पोर्टफोलियोमा एक नयाँ श्रेणीको प्रारम्भ गर्न पाउँदा निकै खुशी छौं । हाम्रो सन्तुष्टि पहिला भन्ने दर्शनका साथ हामी हरेक मी टिभी प्रयोगकर्तालाई व्यक्तिगत इन्टरफेसका साथ अद्भुत अनुभव प्रदान गर्ने आशा राख्दछौं । मी टिभीले यसको उत्कृष्ट सफ्टवेयरका साथ स्मार्ट टिभीको अर्थ परिभाषित गर्दछ र सबैको दर्शनका लागि हाम्रो नविनतामा अडिक रहन्छ । यसलाई नेपालका हाम्रा प्रयोगकर्ता र मी फ्यानले मन पराउनेछन् भन्ने आशा राखेका छौं ।"

# महासंघले सिफारिस गरेको सदस्यताप्रति समाजको आपत्ति

दैनिक समाचारदाता
राजविराज, ३ असोज ।

नेपाल पत्रकार महासंघ शाखा सप्तरीमा नयाँ सदस्यताको लागि ४८ जनाको आवेदन परे पनि ८ जनालाई सदस्यताका लागि सिफारिस गरेकोमा मधेशी पत्रकार समाज सप्तरीले आपत्ति जनाएको छ ।

समाजका अध्यक्ष रामअधिन साह र सचिव शैलेश कर्णद्वारा जारि विज्ञप्तिमा विगतका वर्षहरुमा नयाँ सदस्यताका लागि परिक्षा प्रणाली तथा अन्य प्रकृया अनुसार पत्रकारिता गर्नेलाई नै नयाँ सदस्यता दिने गरेको भएपनि यस वर्ष आफ्ना आसेपासेका तथा गैर पत्रकारहरुलाई नयाँ सदस्यताको सिफारिस गरेकोप्रति आपत्ति जनाइएको छ ।

सोही विज्ञप्तिमा वर्तमान कार्यसमितिले शुद्धिकरणको नारा ल्याए पनि कार्यान्वयनमा नल्याई आफ्ना आसेपासे पोषणे गरेको र गैर जिम्मेवारीका कारण सप्तरी पत्रकार महासंघको आमजनमानसमा बदनामी समेत भईरहेकोप्रति महासंघलाई ध्यानाकर्षण गराइएको छ ।

सदस्यता वितरण र नविकरणको लागि गरेको निर्णय सच्याई विशुद्ध पत्रकारितासंग आबद्ध पत्रकारहरुलाई सदस्यता प्रदान र सोहि अनुरुप नविकरणको लागि सिफारिश गर्न माँग गर्दै यदि सो अनुसार नभए बाध्य भई आन्दोलनमा जाने चेतवानी समेत विज्ञप्ति मार्फत दिइएको छ ।

# काँग्रेस सप्तरीले संविधान दिवस मनायो

दैनिक समाचारदाता
राजविराज, ३ असोज ।

नयाँ संविधान जारी भएको पाँचौं वर्षको अवसरमा नेपाली काँग्रेस सप्तरीले शनिबार जिल्लाको विभिन्न स्थानमा कार्यक्रम गरि संविधान दिवस मनाएको छ ।

जिल्लाको शम्भुनाथ नगरपालिका समितिले वडा नं. १२ मा कार्यक्रम गरि संविधान दिवस मनाएको छ । कार्यक्रमका प्रमुख अतिथि नेपाली काँग्रेस सप्तरीका सभापति दिनेशकुमार यादवले संविधानमा रहेका त्रुटीहरुलाई सच्चाएर दलहरुलाई अगाडी बढ्नुपर्ने बताए । मधेसी, दलित, आदिवासी जनजातीले उठाउँदै आएको मागलाई पनि संविधानमा संशोधनमार्फत् राख्नुपर्ने सुझाव सभापति यादवले दिए ।

शम्भुनाथ नगर सभापति रामचरण चौधरीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वडा अध्यक्ष लक्ष्मी साहसहितका संविधान सम्बन्धी मन्तब्य राखे ।

सोही अवसरमा तत्कालिन नेकपा एमालेका नेता धनेश्वर मण्डलको नेतृत्वमा दुई सय जना उक्त पार्टी परित्याग गरी काँग्रेसमा प्रवेश गरेका हुन् । नवप्रवेशीहरुलाई सभापति यादवसहितका नेताहरुले फुल, माला तथा अबीर लगाएर स्वागत गरेका थिए ।

# आन्तरिक उडानको ५० प्रतिशत बुकिङ

काठमाडौं, ३ असोज (रासस)।

कोभिड–१९ महामारीका कारण विगत ६ महिनादेखि बन्द रहेको मुलुकको आन्तरिक हवाई उडान यही असोज ५ देखि नियमित सञ्चालन हुँदैछ।

बन्दाबन्दीले छ महिना व्यवसाय ठप्प प्रायः रहेको आन्तरिक उडानका वायुसेवा प्रदायक कम्पनीले महामारीबाट बचेर सुरक्षित उडानका लागि सबैखाले तयारी गरिसकेका छन्। स्वास्थ्य प्रोटोकलको पूर्ण पालना गर्दै सुरक्षित उडान सुनिश्चितताका लागि वायुसेवा कम्पनीले नेपाल सरकार तथा विश्व स्वास्थ्य सङ्गठनको स्वास्थ्य मापदण्डलाई आत्मसात् गरी यात्रुको सुरक्षाका लागि आवश्यक प्रक्रिया अपनाएर सेवा सञ्चालन गर्नेछन्।

यही असोज ५ गतेदेखि उडान शुरु हुने भएपछि आन्तरिक उडानका ठूला वायुसेवा कम्पनी बुद्ध एयर, यती एयरलाइन्स, श्री एयरलाइन्स लगायतले बुकिङ खुलाइसकेका छन्। शुक्रबारदेखि बुकिङ खुलिसकेको एयरलाइन्सले बताएका छन्। अहिले अधिकांश एयरलाइन्सको ५० प्रतिशत बुकिङ भइसकेको जनाइएको छ। शुरुआती चरणमा एयरलाइन्सको बुकिङ सन्तोषजनक रहेको वायु सेवा सञ्चालक सङ्घका प्रवक्ता योगराज कँडेल शर्माले बताउनुभयो। “असोज ५ गतेदेखि सबै प्रकारका आन्तरिक उडान शुरु हुँदैछन्। शुरुआती चरणमा बुकिङ उत्साहजनक छ, यात्रुको माग र बजारको आवश्यकताका आधारमा उडान बढाइनेछ”, उहाँले भन्नुभयो।

एयरलाइन्सले जहाजमा पूर्ण क्षमतामै यात्रु राख्न पाउने भएपछि हवाईभाडा पनि नबढ्ने जनाइएको छ। सरकारले तोकेको हवाई भाडादरमै आन्तरिक उडानका वायुसेवा कम्पनीले सेवा सञ्चालन गर्ने सङ्घले जनाएको छ। शुरुको एक साता आन्तरिक उडानको एयरलाइन्सलाई २५ प्रतिशतमात्र उडान अनुमति दिइएको छ। छिट्टै उडान सङ्ख्या वृद्धि गरिने कम्पनीले जनाएका छन्। नियमित उडानको सम्पूर्ण व्यावसायिक तयारी गरेको बुद्ध एयरले पहिलो साता २० देखि २२ उडान गर्नेछ। बुद्धले आफ्ना सबै गन्तव्यमा उडान भर्ने जनाएको छ। बुकिङ उत्साहजनक रहेको र यात्रुको मागअनुरुप उडान सङ्ख्या बढाउँदै लगिने कम्पनीले जनाएको छ। यती एयरलाइन्सका हवाई सुरक्षा प्रमुख तथा प्रवक्ता सुदर्शन बर्तौलाले कम्पनीका तर्फबाट आन्तरिक उडानको सम्पूर्ण तयारी पूरा भएको बताउनुभयो।

उहाँका अनुसार यती एयरलाइन्सको अहिले ५० प्रतिशत बुकिङ भइसकेको छ। शुरुमा करीब दैनिक १० उडान हुनेछ। अहिलेलाई विराटनगर, पोखरा र चीतवनमा दैनिक दुई तथा अन्य गन्तव्यमा एक–एक उडान गरिनेछ। सामान्यको तुलनामा २५ प्रतिशत मात्रै उडान गर्न भनेकाले कम उडान सङ्ख्या निर्धारण गरिए पनि क्रमशः यात्रुको मागअनुरुप उडान बढाउँदै लगिने प्रवक्ता बर्तौलाले उल्लेख गर्नुभयो।

सरकारले असोज १ देखि नै आन्तरिक उडान सञ्चालन गर्ने निर्णय गरे पनि वायुसेवा सञ्चालकले पूर्ण क्षमतामा यात्रु बोक्न पाउनुपर्ने अडान लिएका थिए। शुक्रबार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले आन्तरिक उडानका जहाजले शतप्रतिशत यात्रु बोक्न पाउने निर्णय गरेपछि एयरलाइन्स कम्पनी ५ असोजदेखि उडान सञ्चालन गर्न सहमत भएका हुन्। शुरुमा आन्तरिक उडानका जहाजले ५० प्रतिशत मात्रै यात्रु बोक्न पाउने व्यवस्था गरिएको थियो। व्यवसायीले विरोध जनाएपछि शतप्रतिशत यात्रु राखेर उडाउने निर्णय गरिएको हो।

महामारी नियन्त्रणका लागि सरकारले देशभर लागू गरेको बन्दाबन्दी र पछिल्लो निषेधाज्ञाका कारण मुलुकको आन्तरिक तथा अन्तर्राष्ट्रिय उडान प्रतिबन्ध थियो। अन्तर्राष्ट्रिय उडान भने भदौ १६ देखि सञ्चालनमा आएको छ। असोज १ देखि अन्तर्राष्ट्रिय उडान सङ्ख्या बढाउनाका साथै सार्वजनिक यातायातका साधन पनि सञ्चालनमा आएको छ। बन्दाबन्दीको छ महिनापछि होटल तथा रेस्टुरा व्यवसाय पनि शुरु भइसकेको छ।

यसैबीच वायुसेवा सञ्चालक सङ्घले एक विज्ञप्ति जारी गर्दै आन्तरिक हवाई उडान खोल्ने सरकारको निर्णयको स्वागत तथा आभार प्रकट गर्दै आन्तरिक उडानका लागि शुक्रबार पर्यटन मन्त्रालयबाट भएको निर्णय अनुरुप पूर्ण परिपालना गरी सबै वायुसेवाहरूले उडान पुनः सञ्चालन गर्ने जनाएको छ। सङ्घका अध्यक्ष क्या. रामेश्वर थापाले मन्त्रालय र नियामक निकायको निर्देशन पूर्ण पालना गर्दै कोभिड रोकथाम तथा जोखिम न्यूनीकरण गर्ने कार्यमा सङ्घका सबै वायुसेवाहरूको पूर्ण सहयोग रहने विश्वास दिलाउनुभएको छ।






### सप्तरीमै...

झा, डा. सरोज कुमार साह, एनेस्थेटिस्ट डा. पारषमणि साहलगायतका चिकित्सक टोलीले शल्यक्रिया सम्पन्न गरेका हुन्।

यता आर्थिक अवस्था निकै कमजोर भएका साह जिल्ला बाहिर विभिन्न अस्पताल धाएर यहाँ आइपुगेको अस्पतालका संचालक शैलेन्द्र मोहन झाले बताए।

### बाढीले...

दुई महिनासम्म पनि सरोकारवाला निकायले तटबन्ध मर्मतका लागि ध्यान नदिएको भन्दै स्थानियले भावी क्षति रोक्न अविलम्ब भत्केको तटबन्ध मर्मत गर्न माँग गरेका छन्।

उनीहरुले समयमै तटबन्ध बचाउने आवश्यक प्रयास नहुँदा भत्केको जिकिर गर्दै नेताहरुलाई गुहार्दा पनि आश्वासन मात्र पाइएको गुनासो गरेका छन्।

यता बलान बिहुल गाउँपालिकाका अध्यक्ष दयानन्द गोइतले बलान नदीको बाढीले वर्षेणी ठूलो जनधनको क्षति गर्ने गरे पनि आवश्यक बजेटको अभावमा बलियो तटबन्ध निर्माण गर्न नसकिएको बताए।

उनले गाउँपालिकासँग भएको सीमित साधनश्रोतले तटबन्ध तथा नदी आसपासका जोखीमपूर्ण स्थानमा माटो भर्ने, जालीमा बोरा बिच्छ्याउनेलगायतका काम गरि कटान रोक्ने प्रयास गरिए पनि स्थायी समाधान गर्न नसकेको लाचारी व्यक्त गरे। वर्षेणी बलान नदीमा आउने बाढी र त्यसले गर्ने व्यापक कटान रोक्न प्रदेश र संघीय सरकारसँग पटक पटक आग्रह गरे पनि आश्वासन बाहेक केही नपाएको गुनासो पनि उनले पोखे।

### संविधान...

सोही बिरोध सभामा जसपाकी नेतृ तथा प्रतिनिधि सभा सदस्य रेणु यादवले संविधानमा विभेदकारी प्रावधानहरु राखिएको भन्दै त्यस्ता संविधान कुनै पनि हालतमा स्वीकार्य नहुने बताईन।

यसैगरी राजविराजमा आयोजित विरोध सभाका सहभागि नेताहरुले पनि संविधान संशोधन नगरेसम्म मधेशीले त्यसमा अपनत्व नलिने चेतावनी दिएका थिए।

## विश्व समाचार

### अर्को वर्षको अप्रिलसम्ममा अमेरिकामा कोरोना भाइरस विरुद्धको खोप उपलब्ध हुने

वासिङ्टन, ३ असोज (रासस/एएनआई)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अर्को वर्षको अप्रिल महिनासम्ममा अमेरिकामा कोरोना भाइरस विरुद्धको खोप उपलब्ध हुने बताउनुभएको छ। उहाँले भन्नुभयो– मेरो प्रशासनले यो खोप निर्माणको काम निकै द्रुत गतिमा गरेको छ र मलाई लाग्छ आगामी वर्ष सन् २०२१ को अप्रिलसम्ममा यो खोप तयार हुने छ।

खोप तयार हुनासाथै सबै अमेरिकी नागरिकलाई लगाइने पनि राष्ट्रपति डोनाल्ड ट्रम्पले जानकारी दिनुभयो। उहाँले खोप हरेक महिनामा दशौं लाख वटा उत्पादन हुने भएकोले सबै अमेरिकी नागरिकलाई केही महिनामा नै खोप लगाउन सकिने पनि बताउनुभएको थियो।

शुक्रबार आयोजना गरिएको प्रेस ब्रिफिङका क्रममा उहाँले सो कुरा बताउनुभएको हो। अमेरिकाका वरिष्ठ बैज्ञानिक र चिकित्सकहरु विगतदेखि नै यस कार्यमा लागिरहेको पनि बताउनुभयो। राष्ट्रपति डोनाल्ड ट्रम्पले भन्नुभयो– अमेरिकाका वरिष्ठ चिकित्सक र बैज्ञानिकहरुले यो खोप आविश्कारको काममा लागेका छन् र उनीहरुले यो खोपको परीक्षण पनि अन्तिम चरणमा पुगेको बताएका छन्।

त्यसैले पनि अब अमेरिकाले चाँडै नै नयाँ खोप उत्पादनको काम पनि थाल्ने जानकारी दिनुभयो। उहाँले अब यो खोपको परीक्षण अन्तिम परीक्षणको क्रममा रहेको र सो परीक्षण सकिएलगत्तै खोप उत्पादनको काम गर्ने जानकारी पनि दिनुभयो। अमेरिका विश्वमा नै कोरोना भाइरसको सङ्क्रमणबाट सबैभन्दा बढी प्रभावित भएको देश हो। यहाँ अहिलेसम्म ६७ लाखभन्दा बढी सङ्क्रमित भेटिएका छन्। त्यस्तै अमेरिकामा विश्वमै सबैभन्दा बढीको यस संक्रमणबाट ज्यान गएको छ। शुक्रबारसम्म यहाँका १ लाख ९८ हजार भन्दा बढी नागरिकको यो संक्रमणबाट नै ज्यान गएको छ।

### प्रश्नोत्तर अभ्यासले शैक्षिक क्षमता बढाउँछ : अध्ययन

वासिङ्टन, ३ असोज (रासस/एएनआई)।

बालबालिकाहरुमा प्रश्नोत्तरको अभ्यास जति धेरै गरायो त्यति धेरै शैक्षिक क्षमतामा बृद्धि हुने एक अध्ययनले देखाएको छ। पढाइका अतिरिक्त अन्य समयमा प्रश्नोत्तर अभ्यास धेरै गर्ने विद्यार्थीहरुको शैक्षिक क्षमतामा नाटकीय र आश्चर्यजनक तरिकाले बृद्धि भएको अध्ययनकर्ताहरुको निश्कर्ष छ। प्रश्नोत्तर अभ्यास धेरै गर्ने र नगर्ने विद्यार्थीका बीचमा तुलना गर्दा धेरै गर्नेहरुको शैक्षिक प्रस्तुति राम्रो भएको पाइएको हो।

प्रश्नोत्तर अभ्यास गर्ने गरेका विद्यार्थीहरुले चाँडो चाँडो प्रतिक्रिया दिने, सक्रिय देखिने र प्रस्तुति पनि राम्रो हुने गरेको अध्ययनकर्ताहरुले बताएका छन्। इओवा स्टेट युनिभर्सिटिको मनोविज्ञान विभागका वरिष्ठ सदस्य मार्क्स केडीले पनि अध्ययनले रोचक अवस्था देखाएको बताउनुभयो। कक्षा कोठामा जोड दिनेभन्दा प्रश्नोत्तर अभ्यास धेरै गर्ने विद्यार्थीहरुको प्रस्तुति प्रभावकारी भएको जानकारी दिनुभयो।

उनीहरुले झण्डै एक हजार विद्यार्थीमा प्रश्नोतर अभ्यास र उनीहरुको शैक्षिक क्षमताबीचको सम्बन्धका बारेमा अध्ययन गरिएको पनि जानकारी दिएका छन्। अध्ययनकर्ताहरुले हरेक विद्यार्थी तथा बालबालिकाहरुलाई प्रश्नोत्तर अभ्यास धेरै गराउन पनि सुझाव दिएका छन्।

### विश्वभरि संक्रमितमध्ये दुई करोड २३ लाख संक्रमणमुक्त

पेरिस, ३ असोज (रासस/एपी)।

कोरोनाभाइरसका कारण संसारभरी अहिलेसम्म पौने चार करोड मानिस सङ्क्रमित भएका छन् भने ती मध्ये झण्डै साढे नौ लाख मानिसको मृत्यु भएको छ। विभिन्न निकायहरुले दिएको जानकारीअनुसार शनिबार दिउसोसम्ममा विश्वभरी कोरोनाभाइरसबाट सङ्क्रमित भएकाहरुको सङ्ख्या तीन करोड ७ लाख २१ हजार ६६ पुगेको छ।

त्यसैगरी मृत्यु भएकाहरुको सङ्ख्या नौ लाख ५६ हजार ८७६ पुगेको पनि अधिकारीहरुले शनिबार जानकारी दिएका छन्। कुल सङ्क्रमित मध्ये दुई करोड २३ लाख ५३ हजार ३०६ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। त्यस बाहेक विश्वभरी अहिले पनि ७४ लाख आठ हजार ५३१ जना सङ्क्रमित अवस्थामै रहेका छन्।

विश्वभरी अहिलेपनि सङ्क्रमित अवस्थामै रहेका मध्ये ७३ लाख ४७ हजार ११४ जना मध्यम अवस्थामा रहेका छन् भने अरु ६१ हजार ४१७ जना गम्भीर अवस्थामा रहेका छन्। गम्भीर अवस्थामा रहेकाहरुको अनुपात कुल सक्रिय सङ्क्रमितहरु मध्येको एक प्रतिशत मात्रै हो।

देश अनुसार हेर्दा विश्वभरी सवैभन्दा धेरै सङ्क्रमितको संख्या अमेरिकामा रहेको छ। अमेरिकामा अहिलेसम्म कुल ६९ लाख २५ हजार ९५१ जना सङ्क्रमित भएका छन्। ती मध्ये दुई लाख तीन हजार १७१ जनाको मृत्यु भएको छ।

त्यसैगरी दोस्रो धेरै सङ्क्रमितहरु रहेको भारतमा अहिलेसम्म ५३ लाख आठ हजार १४ जना सङ्क्रमित भएका छन् भने ८५ हजार ६२५ जनाको मृत्यु भएको छ।

कोरोनाभाइरसबाट सङ्क्रमितहरुको सङ्ख्याका आधारमा ब्राजिल तेस्रो स्थानमा रहेको छ। त्यहाँ अहिलेसम्म ४४ लाख ९७ हजार ४३४ जना सङ्क्रमित हुँदा एक लाख ३५ हजार ८५७ जनाको मृत्यु भएको छ।

चौथोमा रहेको रुसमा दश लाख ९७ हजार २५१ जना सङ्क्रमित र १९ हजार ३३९ जनाको मृत्यु भएको तथ्याङ्क छ।

पेरुमा अहिलेसम्म सात लाख ५६ हजार ४१२ जना सङ्क्रमित हुँदा ३१ हजार २८३ जनाको मृत्यु भएको छ। यो कोरोनाभाइरसबाट सङ्क्रमितहरुको सङ्ख्याका आधारमा पाँचौ धेरै सङ्क्रमितहरुको भएको मुलुकमा पर्दछ। त्यसैगरी सङ्क्रमितहरुको सङ्ख्याकै आधारमा कोलम्बीया छैठौं, मेक्सिको सातौं, स्पेन आठौं, दक्षिण अफ्रिका नवौं र अर्जेन्टीना दशौंमा पर्दछ।

# पुस्तकालय तथा ई-लाइब्रेरी संचालन

दैनिक समाचारदाता
राजविराज, ३ असोज ।

राष्ट्रिय सभा सदस्य शेखरकुमार सिंहले सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ८ स्थित जनता माध्यमिक विद्यालयको पुस्तकालय तथा ई-लाइब्रेरीको उद्घाटन गरेका छन् ।



आयोजित उद्घाटन कार्यक्रममा बोल्दै राष्ट्रिय सभा सदस्य सिंहले गुणस्तरीय शिक्षाका लागि सबैले आ-आफ्नो स्थानबाट पहल गर्नु आवश्यकता रहेको बताए । उनले विश्व नै प्रविधिमैत्री भईरहेको अवस्थामा विद्यार्थीहरुलाई विद्यालयबाटै प्रविधीमा दक्ष बनाउनु जरुरी रहेको बताए ।

सोही कार्यक्रममा तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष सतिशकुमार सिंहले भौतिक पूर्वाधारको विकास मात्र विकास नभएर शिक्षाको विकास पनि अहिले उत्तिकै आवश्यक रहेको बताए । अहिलेको समय सूचना प्रविधिको भएकाले यसको विकास पनि उत्तिकै आवश्यक रहेको भन्दै अध्यक्ष सिंहले ई- लाइब्रेरीले दक्ष जनशक्तिको विकासमा सहयोग पुग्ने जिकिर गरे ।

नेपाल शिक्षक महासंघ सप्तरीका अध्यक्ष दिनेशप्रसाद यादवले संघीय शिक्षा ऐन ल्याउन सरकार उदासिन रहेको आरोप लगाउँदै अविलम्ब शिक्षक सेवा आयोग गठन गर्न माग गरे ।

तिलाठी कोइलाडी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत केशवकुमार झाले समाजको विकासको लागि सक्षम जनशक्ति आवश्यक रहेको बताउँदै पुस्तकालयको संरक्षण सम्बर्द्धनमा सबैले योगदान गर्नुपर्ने बताए ।

जनता मावि तोपाको विद्यालय व्यवस्थापन समितिको निवर्तमान अध्यक्ष राधेश्याम यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाल शिक्षक महासंघ सप्तरीका सहअध्यक्ष सुरेश यादव, नेपाली काँग्रेसका क्षेत्रीय सचिव अरुणकुमार मण्डल, जगदिश मण्डल, सफिक मन्सुरी, विद्यालयका प्रधानाध्यापक रमेश झा, ललिता झासहितकाले मन्तब्य ब्यक्त गरेका थिए ।

इमेल : dahcsaptari052@gmail.com
फोन नं. : ०३१ :५२०८९५

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र**
राजविराज, सप्तरी
प्रदेश नं २

प.सं. : २०७७/०७८ मिति : २०७७/०६/०४

**कर्मचारी सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सुचना**

**(प्रथम पटक प्रकाशित मिति : २०७७/०६/०४)**

प्रस्तुत बिषयमा संघीय सरकारको आ.व.२०७७/०७८ को बार्षिक नीति तथा कार्यक्रम अनुसार निरोगी नेपाल निर्माण अभियान अगाडी बढ़ाउने उद्देश्यले यस कार्यालय अन्तर्गत बिभिन्न स्थानको नागरिक आरोग्य सेवा केन्द्रमा कामकाज गर्नको लागि प्राबिधिक कर्मचारीहरु आवश्यकता परेको हुँदा सेवा करारमा पदपूर्तिका लागि तपसिल बमोजिमका योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र यस कार्यालयमा दरखास्त दिनुहुन भनि सम्बन्धित सबैको जानकारीको लागि यो सुचना आहवान गरिएको छ ।

| क्र.सं. | बिज्ञापन नं. | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | ०१/२०७७/०७८ | बैद्य | चौथो | ०४ | |

१. **आवश्यक न्युनतम योग्यता :**
(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा सहायक आयुर्वेद स्वास्थ्य कार्यकर्ता(AAHW) कोर्ष उतीर्ण गरि सम्बंधित काउन्सिलमा दर्ता भएको हुनुपर्ने ।
(ख) **उमेर** : १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको र महिलाको हकमा ४५ बर्ष ननाघेको ।
२. **दरखास्त दिने स्थान** : जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, राजबिराज, सप्तरी ।
३. **छनौट किसिम** : लिखित (बस्तुगत-objective) मात्र ।
४. **आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु** : आवेदक स्वयमंले प्रमाणित गरेका देहाय बमोजिमका कागजातको प्रतिलिपीहरु :
(क) नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी ।
(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट सहायक आयुर्वेद स्वास्थ्य कार्यकर्ता कोर्ष उतीर्ण गरि सम्बन्धित काउन्सिलमा दर्ता भएको सम्पुर्ण प्रमाण-पत्रको प्रतिलिपी ।
(ग) हस्तलिखित निवेदन ।
५. **पारिश्रमिक** : आपसी सम्झौता अनुसार विनियोजित बजेटका परिधि भित्र ।
६. **आवेदन दस्तुर** : ५००(पाँच सय) को भौचर ।

| खाता नं. | कार्यालय कोड | कार्यालयको नाम | राजश्व शीर्षक नं. | वापत | रकम |
|---|---|---|---|---|---|
| १०००२०००१०००० | ३५००२१५०१२ | जिल्ला आयुर्वेद स्वा.केन्द्र, सप्तरी | १४२२४ | परीक्षा दस्तुर | ५००/- |

७. **सम्पर्क मिति** : २०७७/०६/१९ गते ।
८. **परीक्षा केन्द्र** : सम्पर्क मितिको दिन तोकिनेछ ।

डा.शिवशंकर यादव
कार्यालय प्रमुख
आयुर्वेद चिकित्सक

भर्ना खुल्यो ! भर्ना खुल्यो !!
सगरमाथा अञ्चलको एक मात्र
ओभरसियरी क्याम्पस
( CTEVT बाट मान्यता प्राप्त )
डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग
(३ बर्षे)
न्यूनतम योग्यता : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षामा अनिवार्य-गणित र विज्ञान विषयमा C ग्रेड र अंग्रेजीमा न्यूनतम D+ ग्रेड, प्राप्तसम्म वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।
फारम भर्ने अन्तिम मिति : २०७७ असोज १४ गते सम्म ।
सम्पर्क :
सफटेक इन्जिनियरिङ्ग कलेज
रुपनी रोड, राजविराज-८ (सप्तरी)
फोन नं.-०३१-५२०८३९, मो.नं. ९८०४७०१४२१, ९८२४७२०३९८

भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।
S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।
V-JTA भेटनरी जे.टी.ए. १८ महिने
हाम्रा बिशेषताहरु –
- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।
फारम बितरण मिति : २०७७/५/३० गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७७/६/१९
जगदम्बा मेडिकल इन्स्टिच्यूट
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५२१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS
Best Remit Quick & Easy
prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेवसाइट : rajbirajdainik.com.np